# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०५।०९ गते।

## प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादीहरु हरि बहादुर खत्री, टेक बहादुर के.सी.समेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

**अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाटः**

- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत जिल्ला सल्यान, कालिमाटी गाउँपालिका मार्फत रकम विनियोजित भई रोजगार उपभोक्ता समितिसँग सम्झौता गरी उक्त योजनाको कार्य सम्पन्न तथा नापी किताब बमोजिम भुक्तानी हुनुपर्ने बढी भुक्तानी गरेको हुँदा प्रतिवादीहरु तत्कालीन प्रमुख प्रशासकीय अधिकृत हरि बहादुर खत्री, इन्जिनियर टेक बहादुर के.सी र योजना शाखा प्रमुख जयराम घर्तीलाई रु ५,६५,३०९/८५ (पाँच लाख पैसठ्ठी हजार तीन सय नौ रुपैया पचासी पैसा) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९, को दफा ८ को उपदफा (१) बमोजिम कैद सजाय एवं बिगो बमोजिम जरिवाना गरी बिगो रकमसमेत सोही ऐनको दफा ८ (१) बमोजिम निजहरुबाटै असूल उपर हुन तथा इस्टिमेट अनुसार काम सम्पन्न नभएको योजनालाई काम सम्पन्न भएको भनी गलत प्रतिवेदन तयार गरी भुक्तानी गरेकोले निजहरुलाई भ्रष्टाचार निवारण ऐन २०५९, को दफा १९ को उपदफा (२) बमोजिम कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन।
- प्रतिवादीहरु योजना अनुगमन कार्यमा सम्मिलित भई गाउँपालिकाका उपाध्यक्ष सनसिल्ता डि.सी. र तत्कालीन रोजगार संयोजक सुवाश बुढाथोकी, वडाध्यक्ष नैनसिंह राना लगायत सव-इन्जिनियर दिपेन्द्र बहादुर शाहीले इस्टिमेट अनुसार काम सम्पन्न नभएको योजनालाई काम सम्पन्न भएको भनी उपभोक्ता समितिसँग मिलिमतो गरी योजना अनुगमन तथा मूल्याङ्कन समितिको प्रतिवेदन साथ भुक्तानीको लागि सिफारिस गरेको हुँदा निजहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम कसूरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन।
- प्रतिवादीहरु घुईयावारी (रिङरोड योजना) मूल सडक विस्तार, नाला सुधार तथा ग्रावेल योजना रोजगार उपभोक्ता समितिका अध्यक्ष गणेश बुढा, सचिव कृष्णा सार्की र कोषाध्यक्ष गीता कुमारी वोहराले नगरेको कामको परिमाणको समेत भुक्तानी लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम कसूर गरेको देखिएकोले निजलाई रु.५,६५,३०९/८५ (पाँच लाख पैसठ्ठी हजार तीन सय नौ रुपैया पचासी पैसा) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन २०५९, को दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी उल्लेखित बिगोसमेत निजहरुबाट जफत हुन,

मागदाबी लिई विशेष अदालतमा मुद्दा दायर गरिएकोमा प्रतिवादीहरुलाई बिषेश अदालतबाट मिति २०८०।०९।०१ मा निम्न आधारहरुमा सफाई दिएकोः

- ➢ योजनाको काम नापी किताब अनुसार नै भएको हो, आरोपदावी बमोजिम गैर कानूनी लाभ लिने वा राज्यलाई हानि पुर्याउने काम भएको छैन भनी आरोपित कसूरमा इन्कार रहि सबै प्रतिवादीहरुले अधिकार प्राप्त अधिकारी तथा अदालतमा वयान गरेका एवं प्रतिवादीहरुको इन्कारी वयानलाई समर्थन हुने गरी निजहरुका साक्षीहरुले बकपत्र गरेको देखिएको।
- ➢ योजना सम्पन्न भएको करिब १ वर्ष पछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले नापजाँच गरेको देखिएको र लामो समय पछि नापजाँच गर्दा केही फरक आउनु अश्वभाविक नभएको।

- कामदारहरु मध्ये ७ जनाको नामवली फर्जी परेको भनी उपभोक्ता समितिका अध्यक्ष गणेश बुढाले आयोगले नापजाँच गर्नु अगाडि नै बेरुजु रकम बैंक दाखिला गरेको देखिदा प्रतिवादीहरुले सदनियतले काम गरेको भन्ने प्रष्ट देखिएको।
- कामदारहरुको रोज हाजिरी गर्ने गराएको देखिएको।कामदारहरुको हाजिरी अनुसार नै ज्याला पाएको देखिएको र हाजिरीमा अभियोजन पक्षले कुनै चुनौति दिएको नदेखिएको।
- योजनाको खाता काम गर्ने श्रमिकको नाममा संचालन भई कामदारकै व्यक्तिगत खातामा भुक्तानी भएको देखिएको।
- प्रतिवादीहरुले के कति खाए मासे भन्ने एकिन दावी समेत नदेखिएको र गोश्वारा रुपमा अभियोग दावी लिईएको।
- काम सम्पन्न भएको अनुगमन तथा सार्वजनिक सुनुवाई समेत भई भुक्तानी दिएको देखिदा प्रतिवादीहरुले नभए नगरेको काममा समेत भए गरेको भनी बढी भुक्तानी लिने दिने कार्य गरी गैर कानूनी लाभ लिएको मिसिल संलग्न प्रमाणहरुवाट पुष्टि हुन नआएको।

बिशेष अदालतको उक्त फैसलाउपर चित्त नबुझी आयोगबाट देहायका आधारहरु लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१/०५/०९ मा पुनरावेदन गरिएको छ ।

<u>देहायः</u>

- **प्रतिवादी हरिबहादुर खत्रीको हकमाः-**

क. उक्त योजनामा काम सम्पन्न भए पश्चात सबै प्रक्रिया र स्थलगत अनुगमनको सबै चरण पूरा भएपछि रकम भुक्तानी गर्नु पर्नेमा कामको गुणस्तर वा परिमाणको विषयमा मसँग त्यसको कुनै ज्ञान नभएकाले जनप्रतिनिधी सहितको अनुगमन तथा प्राविधिकको सिफारिसको आधारमा रकम भुक्तानी गरेको हो भनी आरोपित कसूरमा इन्कार रहि वयान गरेकोमा निज प्रतिवादीको जवाफदेहिता र जिम्मेवारीलाई सबूद प्रमाणको मूल्याङ्कन गर्दा विशेष अदालतले यथार्थ तथ्यलाई अनदेखा गरेको,

ख. जिल्ला सल्यान कालिमाटी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय वडा न. ७ मा निर्माण भएको घुईयावारी (रिङरोड योजना) मूल सडक विस्तार, नाला सुधार तथा ग्रावेल योजनामा रु.२२,५८,२५६/-भुक्तानी भएकोमा आयोगको स्थलगत नापजाँच एवं प्राविधिक प्रतिवेदन समेतको आधारमा उक्त योजनामा नभए नगरेको काम भन्दा रु.५,६५,३०९/८५ बढी भुक्तानी भएको देखिकोमा आयोगको स्थलगत नापजाँच एवं प्राविधिक प्रतिवेदन समेतको आधारमा उक्त योजनामा बढी भुक्तानी भएको देखिदा देखिदै योजनाको बारेमा इष्टिमेट अनुसार काम भयो भएन भनी अनुमान गर्न नसक्ने भन्ने निजको भनाई स्वभाविक नदेखिएको,

ग. प्रतिवादी हरिबहादुर खत्रीले निर्माणस्थलमा भए गरेको कार्य भन्दा बढी तथा साईटमा नगरे नगराएको परिमाणको कार्य भएको भनी नापी किताबमा चढाई पेश भएको झुट्टा बिल भर्पाई स्वीकृत गरी भुक्तानीको लागि आदेश दिएको देखिदा देखिदै मिसिल संलग्न सबूद प्रमाणहरुको मूल्याङ्कन नगरी प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।

- **इन्जिनियर टेक वहादुर के.सी को हकमाः-**

क. निजले निर्माणस्थलमा भए गरेको कार्य भन्दा बढी तथा साईटमा नगरे/नगराएको परिमाणको कार्य भएको भनी नापी किताबमा चढाई झुट्टा बिल भर्पाई र गलत कार्य सम्पन्न प्रतिवेदन कै आधारमा आफ्नो जिम्मेवारीमा नपर्ने भुक्तानी दिने सम्बन्धी टिप्पणी र आदेश पेश गरेको समेत देखिदा निजको कार्यमा बदनियत रहेको पुष्टि भएको।यस प्रकारको निर्माणसँग सम्वन्धित योजनाहरुमा प्राविधिक कर्मचारीहरुको भूमिका अत्यन्तै महत्वपूर्ण हुने हुँदा सो बमोजिम नगरी बदनियतपूर्वक कार्य गरी भ्रष्टाचारजन्य कसुर गरेको पुष्टि भएको,

ख. उक्त योजनाको नापजाँच गर्दा नापी किताव र कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख भए अनुसारको नाप र परिमाणमा फरक पारी नापी कितावमा उल्लेख भए भन्दा ग्रावेल गर्ने कार्यमा ४४९.३३ घ.मी. कम काम भएको र नाली काट्ने कार्यमा १४८.९६ घ.मी. कम काम भएको र स्वीकृत दररेट अनुसार मूल्याङ्कन गर्दा

बढी भुक्तानी भएको स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदन समेतका आधारमा निज समेतको मिलेमतो र संलग्नतामा देखिएको,

❖ **योजना शाखा प्रमुख जयराम घर्तीले** कालिमाटी गाउँकार्यपालिकाको कार्यालय सल्यानका योजना शाखा प्रमुख जयराम घर्तीले कामदार तथा रोजगार उपभोक्ता समिति र प्राविधिकसँग मिलिमतो गरी झुट्टा बिल भर्पाई र गलत कार्य सम्पन्न प्रतिवेदन कै आधारमा भुक्तानीको लागि टिप्पणी पेश गरी बढी भुक्तानी लिने दिने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गरेको सबूद प्रमाणबाट स्पष्ट हुँदाहँदै मिसिल संलग्न तथ्य प्रमाणहरुको अनदेखा गरी सफाई दिने फैसला त्रुटिपूर्ण रहेको।

❖ योजना अनुगमन तथा मूल्याङ्कन समितिका संयोजक एवं कालिमाटी गाउँपालिका उपाध्यक्ष सनसिल्ता डि.सी., प्रमुख प्रशासकीय अधिकृत हरिबहादुर खत्री, इन्जिनियर टेक वहादुर के.सी, योजना शाखा प्रमुख जयराम घर्ती, रोजगार संयोजक सुवाश वुढाथोकी तथा सब-ईन्जिनियर दिपेन्द्र बहादुर शाहीले इस्टिमेट अनुसार काम सम्पन्न नभएको योजनालाई काम सम्पन्न भएको भनी कामदार तथा रोजगार उपभोक्ता समिति र प्राविधिकसँग मिलिमतो गरी योजना अनुगमन तथा मूल्याङ्कन समितिको प्रतिवेदन सहित भुक्तानीको लागि सिफारिस गरी रु.५,६५,३०९/८५ बढी भुक्तानी गरेको स्पष्ट हुँदाहुँदै निजको जिम्मेवारी र जवाफदेहिता एवं मिसिल संलग्न तथ्यगत प्रमाणहरुलाई अनदेखा गरी  सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।

❖ **रोजगार संयोजक सुवाश वुढाथोकीले** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस योजनाको सूचिकृत व्यक्तिहरु भएको योजनाको अनुगमन गर्ने जिम्मेवारी तथा भूमिकामा रहि कामकाज गर्ने गरेको भन्ने मिसिल संलग्न तथ्य प्रमाणहरुबाट देखिएको। उक्त योजनाको रोजगार संयोजक निजले इस्टिमेट अनुसार काम सम्पन्न नभएको योजनालाई काम सम्पन्न भएको भनी कामदार तथा रोजगार उपभोक्ता समिति र प्राविधिक एवं अन्य प्रतिवादीहरुसँग मिलिमतो गरी योजना अनुगमन तथा मूल्याङ्कन समितिको प्रतिवेदन सहित भुक्तानीको लागि सिफारिस गरी भ्रष्टाचारजन्य कसूर गरेको पुष्टि भईरहेकोमा मिसिल संलग्न सबूद प्रमाणहरुको यथार्थ मूल्याङ्कन नगरी इन्कारी वयानलाई मात्र आधार मानी भएको फैसला त्रुटिपूर्ण रहेको।

❖ **वडा न.७ का वडा अध्यक्ष नैन सिंह राना** उक्त योजनामा अनुगमनको भूमिका रहेको भन्ने निजको वयान वेहोराबाट देखिएको। निजको वयान वेहोरा हेर्दा "मैले सिफारिस गर्दा प्राविधिकको कागजात अनुसार नै भुक्तानी दिन हुन भनी काम सम्पन्न भएको भनी सिफारिस गरेको हुँ" भन्ने समेत वेहोरा उल्लेख गरी वयान गरेको देखिएको। सहप्रतिवादी हरिबहादुर खत्रीले यी प्रतिवादी उपर पोलगरी फर्जी कामदार हालेर बढी रकम भुक्तानी गरेको सुन्नमा आएपछि सो कुरा निजले स्वीकार गरेकोले बढी भुक्तानी भएको रकम फिर्ता गराउन सफल भएको भनी वयानमा उल्लेख गरे समेतबाट निजले गलत मनसायले बदनियतपूर्वक काम गरेको प्रष्ट भईरहेकोमा सो तर्फ न्यायोचित मूल्याङ्कन नगरी प्रतिवादी नैन सिंह रानालाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।

❖ **सव-ईन्जिनियर दिपेन्द्र वहादुर शाहीको हकमा** आ.व.०७७/०७८ को प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत घुइयावारी (रिङरोड योजना) मूल सडक विस्तार, नाला सुधार तथा ग्रावेल योजनामा प्राविधिक सहितको स्थलगत अनुगमन टोली खटिई योजनाको नापजाँच गर्दा नापी किताव र कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख भए अनुसारको नाप र परिमाणमा काम सम्पन्न नभएको, नापी कितावमा उल्लेख भए भन्दा ग्रावेल गर्ने कार्यमा ४४९.३३ घ.मी. कम काम भएको र नाली काट्ने कार्यमा १४८.९६ घ.मी. कम काम भएको र स्वीकृत दररेट अनुसार मूल्याङ्कन गर्दा बढी भुक्तानी भएको भनी स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदन समेतबाट निज समेतको मिलेमतो र संलग्नतामा प्रमाणहरुबाट पुष्टि हुँदाहँदै निजलाई समेत सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।

❖ **उपभोक्ता समितिका अध्यक्ष गणेश वुढा, सचिव कृष्णा सार्की र कोषाध्यक्ष गीता कुमारी वोहराको हकमा**

क. गर्नु पर्ने जिम्मेवारी पूरा नगरी अन्य प्रतिवादीहरुसँग मिलेमतोगरी कार्य गरेको देखिएको, उक्त योजनामा बदनियतपूर्वक काम भई फर्जी डोर हाजिरी फाराम भरी नभए नगरेको कामका लागि बढी रकम भुक्तानी लिई दिई अनियमितता गरेको रकम मध्ये हल्लाखल्ला भई कुरा बाहिर आएपछि प्रतिवादी मध्येका गणेश बुढाले

रु.३,२६,०६०।- बेरुजु  रकम राजश्व खातामा बैंक दाखिला गरेको देखिदा योजनाको कार्य सम्पादन गर्दा गलत मनसायले गरेको पुष्टि भईरहेकोमा प्रतिवादीहरुलाई समेत सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको,

ख. प्रतिवादीहरुले गरेको इन्कारी वयान ठोस एवं बस्तुनिष्ठ सबूद प्रमाणहरुबाट पुष्टि गराउन सकेको अवस्था नरहेको।निजहरुले एक आपसमा मिलेमतो गरी नापी किताबमा उल्लेख भए भन्दा ग्राभेल गर्ने कार्यमा ४४९.३३ घ.मि.कम काम भएको र नाली काट्ने कार्यमा १४८.९६ घन मिटर कम काम भएको स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदनबाट खुल्न आई तथ्यगत, वस्तुपरक एवं वैज्ञानिक सबूद प्रमाणहरुले पुष्टि भईरहेकोमा उक्त इन्कारी वयान कथनलाई समर्थित हुने गरी प्रतिवादीहरुका साक्षीहरुले अदालतमा गरेको बकपत्रलाई मात्र आधार मानी कसूर अपराधवाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको,

ग. उक्त योजनाको स्थलगत निरीक्षण भै प्राविधिक प्रतिवेदन पेश गरेको देखिदा करिब १ वर्ष पछिको अवधिमै ग्रावेल गरेको कार्य ४४९.३३ घ.मि.कम हुने तथा नाली काट्ने कार्यमा १४८.९६ घन मिटर कम हुनु स्वभाविक र पत्यारलायक समेत नदेखिएको।उक्त योजनामा भएको कार्यको सम्वन्धमा सामान्य कम देखिनु भनेको स्वभाविकै हो तर यति ठूलो मात्रामा नभए नगरेको काम फेरबदल हुनुले गर्नुपर्ने काम पूर्णरुपमा नभएको स्वतःप्रमाणित भएकोले सबैको मिलेमतोबाट कम काम गरी बढी भुक्तानी रु.५,६५,३०९।८५ हिनामिना गरी भ्रष्टाचारजन्य कसूर भएको पुष्टि भइरहेकोमा वास्तविक र यथार्थ तथ्यलाई अनदेखा गरी लामो अवधिमा नापजाँच गर्दा भए गरेको काममा फरक आएको भनी बस्तुगत तथ्य प्रमाणलाई मनोगत व्याख्या गरी सफाइ दिने गरी भएको फैसला न्यायोचित नभई त्रुटिपूर्ण रहेको।

प्रवक्ता
नरहरि घिमिरे

**देहायः**

| सि.न | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **हरिबहादुर खत्री समेत**<br>(वि.अ. को (मुद्दा मु.नं.७९-CR-००७३)<br>वि.अ. को फैसला मिति २०८०।०९।०१ | गैरकानूनी लाभ हानि लिनु दिनु गरी भ्रष्टाचार गरेको. | जिल्ला सल्यान कालिमाटी गाउँपालिका, गाउँकार्यपालिका वडा न.७ स्थितमा आ.व.०७७/०७८ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत घुइयावारी (रिङरोड योजना) मूलसडक विस्तार नाला सुधार तथा ग्रावेल योजनामा अनियमितता भएको भन्ने उजुरी निवेदन उपर अनुसन्धान भई प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत जिल्ला सल्यान कालिमाटी गाउँपालिका मार्फत रु. २४,८१,६००।- रकम विनियोजित भई आएकोमा सो कार्यक्रम अन्तर्गत गाउँपालिका मार्फत रु. २४,८१,६००।- विनियोजित भई रोजगार उपभोक्ता समितिसँग सम्झौता भएकोमा उक्त योजनाको कार्य सम्पन्न तथा नापी किताब वमोजिम भुक्तानि हुनुपर्ने रकम रु.२२,५८,२५६/- भुक्तानि भएकोमा कालिका गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सल्यानको तत्कालीन प्रमुख प्रशासकीय अधिकृत हरिवहादुर खत्री ईन्जिनियर टेक वहादुर के.सी र योजना शाखा प्रमुख जयराम घर्तीले भ्रष्टाचार निवारण ऐन, २०५९, को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) वमोजिम कसूर भएको देखिन आएकोले निज प्रतिवादीहरु तत्कालीन प्रमुख प्रशासकीय अधिकृत हरि वहादुर खत्री, इन्जिनियर टेक वहादुर के.सी र योजना शाखा प्रमुख जयराम घर्तीलाई रु ५,६५,३०९/८५ | **१. फैसलाः**<br>विशेष अदालतबाट सम्पुर्ण प्रतिवादीहरु हरिबहादुर खत्री, सनसिल्ता डि.सी., टेक बहादुर के. सी., जयराम घर्ती, सुवाश बुढाथोकी, दिपेन्द्र बहादुर शाही ,नैनसिंह राना, गणेश बुढा, कृष्णा सार्की र गीता कुमारी बोहोरालाई आरोपित कसूरवाट सफाई पाउने ठहर गरी मिति २०८०।०९।०१ फैसला भएको ।<br>**२. विशेष अदालतले फैसला गर्दा लिएका मुल बुदा एबं आधारहरु :**<br>क) योजनाको काम नापी किताब अनुसार नै भएको हो, आरोपदावी बमोजिम गैर कानूनी लाभ लिने वा राज्यलाई हानि पुर्याउने काम भएको छैन भनि आरोपित कसूरमा इन्कार रहि सबै प्रतिवादीहरुले अधिकार प्राप्त अधिकारी तथा अदालतमा वयान गरेका एवं प्रतिवादीहरुको इन्कारी वयानलाई समर्थन हुने गरी निजहरुका साक्षीहरुले बकपत्र गरेको देखिएको।<br>ख) योजना सम्पन्न भएको करिब १ वर्ष पछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले नापजाँच गरेको देखिएको र लामो समय पछि नापजाँच गर्दा केहि फरक आउनु अश्वभाविक नभएको।<br>ग)कामदारहरु मध्ये ७ जनाको नामवली फर्जी परेको भनि उपभोक्ता समितिका अध्यक्ष गणेश बुढाले आयोगले नापजाँच गर्नु | **विशेष अदालत, काठमाडौंबाट भएको उक्त फैसला देहायका प्रतिवादीहरुको हकमा देहायका आधार र कारणहरुबाट त्रुटिपूर्ण छ।**<br>**(क) प्रतिवादी हरिबहादुर खत्रीको हकमाः-**<br>अ. यी प्रतिवादी हरिबहादुर खत्री कालिमाटी गाउँपालिका, सल्यानमा प्रमुख प्रशासकीय अधिकृत पदमा २०७७ भाद्र देखि २०७९ भाद्र १४ गते सम्म कार्यरत रहेको देखिन्छ। उक्त योजना संचालन हुँदा पनि निज कालिमाटी गाउँपालिका सल्यानमा प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी समालेको र निजले कार्यालय प्रमुखको जिम्मेवारी र उत्तरदायित्व वोधगरी काम सम्पन्न भए पश्चात सबै प्रक्रिया र स्थलगत अनुगमनको सबै चरण पूरा भए पछि रकम भुक्तानि गर्नु पर्नेमा सो नगरी कामको गुणस्तर वा परिमाणको विषयमा मसँग त्यसको कुनै ज्ञान नभएकाले जनप्रतिनिधी सहितको अनुगमन तथा प्राविधिकको सिफारिसको आधारमा रकम भुक्तानि गरेको हो भनि अन्य प्रतिवादीहरुलाई कसूरको भार बोकाई आफ्नो पदीय जिम्मेवारीलाई वेवास्ता गरी कसूर अपराधबाट उन्मुक्ति पाउने मनसायले आरोपित कसूरमा इन्कार रहि वयान गरेकोमा निज प्रतिवादीको जवाफदेहिता र जिम्मेवारीलाई सबूद प्रमाणको मूल्याङ्कन गर्दा विशेष अदालतले यथार्थ तथ्यलाई अनदेखा गरी निज प्रतिवादी हरिबहादुर खत्रीलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भै बदरभागी छ।<br>आ.जिल्ला सल्यान कालिमाटी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय वडा न. ७ मा निर्माण भएको घुईयावारी (रिङरोड योजना) मूल सडक विस्तार, नाला सुधार तथा ग्रावेल योजनामा रु.२२,५८,२५६/-भुक्तानि भएकोमा आयोगको स्थलगत नापजाँच एवं प्राविधिक प्रतिवेदन समेतको आधारमा उक्त योजनामा नभए नगरेको काम भन्दा बढी भुक्तानि भएको रकम रु ९,१३, ९५२/४१ (अक्षरुपी नौ लाख तेह्र हजार नौ सय बाउन्न रुपैया एक्चालिस पैसा) मध्ये सा.सु. कर कट्टी रु. २२,५८२।५६ तथा वेरुजु दाखिला रकम रु.३,२६,०६०।–( तिन लाख छब्बिस हजार साठ्ठी रुपैया) घटाउँदा रकम रु ५,६५,३०९/८५ (पाँच लाख पैसठ्ठी हजार तीन सय नौ रुपैया पचासी पैसा) बढी भुक्तानि भएको देखिकोमा आयोगको स्थलगत नापजाँच एवं प्राविधिक प्रतिवेदन समेतको आधारमा उक्त योजनामा बढी भुक्तानि भएको रकम रु. ९,१३, ९५२/४१ खर्च भएको देखिदा कुल बजेटको आधा भन्दा केहि बढि बजेट रकमको मात्र काम भएको अवस्थामा बजेट अनुसारको काम नभएको भन्ने सामान्य मानिसले पनि प्रष्ट बुझ्न सक्ने देखिदा देखिदै यी प्रतिवादीले सो योजनाको बारेमा इष्टिमेट अनुसार काम भयो भएन भनि अनुमान गर्न नसक्ने भन्ने निजको भनाई स्वभाविक नदेखिएको।यस स्थितिमा कसूर स्थापित हुने मिसिल संलग्न सबूद प्रमाणको मूल्याङ्कन नगरी विशेष अदालतबाट फैसला भएको प्रष्ट देखिंदा उक्त फैसला बदरभागी छ।<br>इ) प्रतिवादी हरिबहादुर खत्रीले वयानको क्रममा वडा नं. ७ को वडा अध्यक्षले फर्जी कामदार हालेर बढी रकम भुक्तानि गर्न थाले भन्ने कुरा पछि हल्ला सुन्नमा आएपछि वडा अध्यक्षलाई बोलाएर बुझ्दा उहाले सो कुरा स्वीकार गरेकाले बढी रकम बैंक मार्फत फिर्ता गर्न लगाएकोले मैले राज्यको रकम दुरुपयोग हुनबाट रोकेर आर्थिक अनियमितता हुनबाट रोकेको छु, केही व्यक्ति र वडा नं. ७ का तत्कालीन वडा अध्यक्ष नैन सिंह रानाबाट गलत मनासयले झुट्टा विवण पेश गरी रकम लिन खोजी राज्यलाई रु.३,२६,०६०।- हानि नोक्सानी गर्न खोजेकोले समयमै बढी रकम फिर्ता गराउन सफल भएकोमा मलाई राष्ट्रप्रतिको जिम्मेवारी पूरा गरेको महशुस भएको छ, भनि आदर्शवादी वयान गरेको देखिएतापनि सो भन्दा बढी रकमको हानि नोक्सानी भएको तर्फ कुनै प्रतिक्रिया नदेखाउनु समेतबाट निज प्रतिवादी हरिबहादुर खत्रीले निर्माणस्थलमा भए गरेको कार्य भन्दा बढी तथा साईटमा नगरे नगराएको परिमाणको कार्य भएको भनी नापी किताबमा चढाई पेश भएको झुट्टा बिल भर्पाई स्वीकृत गरी भुक्तानिको लागि आदेश दिएको देखिदा देखिदै मिसिल संलग्न सबूद प्रमाणहरुको मूल्याङ्कन नगरी यी प्रतिवादी समेतलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको छ।<br>**ख) इन्जिनियर टेक वहादुर के.सी को हकमाः-**<br>अ.यी प्रतिवादी कालिमाटी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय सल्यानमा २०७७ साल देखि २०७९\०३\३० सम्म गाउँपालिकाको इन्जिनियर पदमा कार्यरत रहेका तथा उक्त योजनामा निजको जिम्मेवारी इन्जिनियरको रुपमा नापीकिताब हेरी तथा अनुगमन गरी भुक्तानिकालागि सिफारिस गर्ने जस्तो अत्यन्तै महत्वपूर्ण जिम्मेवारीको पदमा रहेकोमा निजले निर्माणस्थलमा भए गरेको कार्य भन्दा बढी तथा साईटमा नगरे नगराएको परिमाणको कार्य भएको भनी नापी किताबमा चढाई झुट्टा बिल |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | (पाँच लाख पैसठ्ठी हजार तीन सय नौ रुपैया पचासी पैसा) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९, को दफा ८ को उपदफा (१) बमोजिम कैद सजाय एवं बिगो बमोजिम जरिवाना गरी बिगो रकम समेत सोही ऐनको दफा ८ (१) बमोजिम निज प्रतिवादीहरुबाटै असूल उपर हुन तथा निज प्रतिवादीहरुले इस्टिमेट अनुसार काम सम्पन्न नभएको योजनालाई काम सम्पन्न भएको भनि कामदार तथा रोजगार उपभोक्ता समिति र प्राविधिकसँग मिलिमतो गरी योजना अनुगमन तथा मूल्याङ्कन समितिको प्रतिवेदन सहित भुक्तानिको लागि सिफारिस गरी सरकारी रकम खाने मास्ने उद्देश्य लिई कालिमाटी गाउँकार्यपालिकाको कार्यालय सल्यानका प्रमुख प्रशासकीय अधिकृत हरिबहादुर खत्री, इन्जिनियर टेक वहादुर के.सी, योजना शाखा प्रमुख जयराम घर्तीको उल्लेखित कार्य भ्रष्टाचार निवारण ऐन २०५९, को दफा १९ को उपदफा (२) वमोजिम कसूर भएको देखिएकोले निज प्रतिवादीहरु हरिबहादुर खत्री, टेक वहादुर के.सी, जयराम घर्ती, उपर भ्रष्टाचार निवारण ऐन २०५९, को दफा १९ को उपदफा (२) वमोजिम सजाय हुन समेत माग दावी लिईएको ।<br>यसैगरी योजना अनुगमन कार्यमा सम्मिलित भई गाउँपालिकाका उपाध्यक्ष सनसिल्ता डि.सी. र तत्कालीन रोजगार संयोजक सुवाश वुढाथोकी, वडाध्यक्ष | अगाडि नै बेरुजु रकम बैंक दाखिला गरेको देखिदा प्रतिवादीहरुले सदनियतले काम गरेको भन्ने प्रष्ट देखिएको।<br>घ) कामदारहरुको रोज हाजिरी गर्ने गराएको देखिएको।कामदारहरुको हाजिरी अनुसार नै ज्याला पाएको देखिएको र हाजिरीमा अभियोजन पक्षले कुनै चुनौति दिएको नदेखिएको।<br>ङ) योजनाको खाता काम गर्ने श्रमिकको नाममा संचालन भई कामदारकै व्यक्तिगत खातामा भुक्तानि भएको देखिएको।<br>च) प्रतिवादीहरुले के कति खाए मासे भन्ने एकिन दावी समेत नदेखिएको र गोश्वारा रुपमा अभियोग दावी लिईएको।<br>छ)काम सम्पन्न भएको अनुगमन तथा सार्वजनिक सुनुवाई समेत भई भुक्तानि दिएको देखिदा प्रतिवादीहरुले नभए नगरेको काममा समेत भए गरेको भनि बढि भुक्तानि लिने दिने कार्य गरी गैर कानूनी लाभ लिएको मिसिल संलग्न प्रमाणहरुवाट पुष्टि हुन नआएको । | भर्पाई र गलत कार्य सम्पन्न प्रतिवेदन कै आधारमा आफ्नो जिम्मेवारीमा नपर्ने भुक्तानि दिने सम्बन्धी टिप्पणी र आदेश पेश गरेको समेत देखिदा निजको कार्यमा बदनियत रहेको पुष्टि भएको प्रष्ट छ।यस प्रकारको निर्माणसंग सम्वन्धित योजनाहरुमा प्राविधिक कर्मचारीहरुको भूमिका अत्यन्तै महत्वपूर्ण हुने र सोहि आधारमा योजनाहरुको सहि साँचो कार्य सम्पादन भए नभएको यथार्थ जानकारी पाउन सक्ने एवं महत्वपूर्ण कानूनी आधारको रुपमा ग्रहणीय कागजात तयार पार्ने दायित्व रहेका यी प्रतिवादीले सो बमोजिम नगरी बदनियतपूर्वक कार्य गरी भ्रष्टाचारजन्य कसूर गरेको पुष्टि भईरहेकोमा निज प्रतिवादीको हकमा समेत आरोपदावीबाट सफाई दिने गरी भएको फैसलामा गम्भिर त्रुटि रहेकोले बदरभागी छ।<br>आ.यी प्रतिवादीको पदीय दायित्व अन्तर्गत योजनाको नापजाँच गर्दा नापी किताव र कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख भए अनुसारको नाप र परिमाणमा फरक पारी नापी कितावमा उल्लेख भए भन्दा ग्रावेल गर्ने कार्यमा ४४९.३३ घ.मी. कम काम भएको र नाली काट्ने कार्यमा १४८.९६ घ.मी. कम काम भएको र स्वीकृत दररेट अनुसार मूल्याङ्कन गर्दा रु ९,१३,९५२/४१ (अक्षरुपी नौ लाख तेह्र हजार नौ सय बाउन्न रुपैया एक्चालिस पैसा) बढी भुक्तानि भएको भनी सि.डि.ई. लक्ष्मी प्रसाद भण्डारीले मिति २०७९/०१/०६ गते पेश गरेको स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदन समेतका आधारमा निज समेतको मिलेमतो र संलग्नतामा आफूहरुलाई गैर कानूनी लाभ र राज्यलाई हानि नोक्सानी हुने कार्यको मुख्य भूमिकामा रहेका निज प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भै बदरभागी छ।<br>**ग) योजना शाखा प्रमुख जयराम घर्तीको हकमाः**<br>अ.निज प्रतिवादी जयराम घर्ती कालिमाटी गाउँपालिकाको कार्यालय,रामपुर सल्यानमा मिति २०७७।१२।२५ देखि हालसम्म योजना शाखा प्रमुखको पदमा कार्यरत रहेको देखिन्छ । यस योजना सम्बधमा निजको जिम्मेवारी रोजगार उपभोक्ता समितिसँग सम्झौता गर्ने, कामको अनुगमन, भुक्तानिकोलागि टिप्पणी तयार पार्ने जस्ता कार्यहरु गर्ने भन्ने निजकै वयान वेहोरावाट देखिन्छ।यसरी कालिमाटी गाउँकार्यपालिकाको कार्यालय सल्यानका योजना शाखा प्रमुख जयराम घर्तीले कामदार तथा रोजगार उपभोक्ता समिति र प्राविधिकसँग मिलिमतो गरी झुट्टा बिल भर्पाई र गलत कार्य सम्पन्न प्रतिवेदन कै आधारमा २०७८/०३/२० मा अन्तिम भुक्तानिको लागि टिप्पणी पेश गरी बढी भुक्तानि लिने दिने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गरेको उल्लिखित सबूद प्रमाणबाट स्पष्ट हुँदाहुँदै निज प्रतिवादीलाई आरोपदावी बमोजिम कसूर ठहर गरी सजाय नगरी मिसिल संलग्न तथ्य प्रमाणहरुको अनदेखा गरी निज प्रतिवादी जयराम घर्तीको हकमा समेत सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेकाले बदरभागी छ।<br>**घ) योजना अनुगमन तथा मूल्याङ्कन समितिका संयोजक एवं कालिमाटी गाउँपालिका उपाध्यक्ष सनसिल्ता डि.सी. को हकमाः**<br>जिल्ला सल्यान कालिमाटी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय वडा न. ७ मा निर्माण भएको घुईयावारी (रिङरोड योजना) मूल सडक विस्तार, नाला सुधार तथा ग्रावेल योजनामा आयोगको स्थलगत नापजाँच एवं प्राविधिक प्रतिवेदन समेतको आधारमा उक्त योजनामा बढी भुक्तानि भएको रकम रु ९,१३,९५२/४१ (अक्षरुपी नौ लाख तेह्र हजार नौ सय बाउन्न रुपैया एक्चालिस पैसा) मध्ये सा.सु. कर कट्टी रु. २२,५८२।५६ तथा वेरुजु दाखिला रकम रु ३,२६,०६०।–(तिन लाख छब्बिस हजार साठ्ठी रुपैया) घटाउँदा रकम रु. ५,६५,३०९/८५ (पाँच लाख पैसठ्ठी हजार तीन सय नौ रुपैया पचासी पैसा) बढी भुक्तानि भएको पाईन्छ।उक्त सरकारी रकम खाने मास्ने उद्देश्य लिई कालिमाटी गाउँकार्यपालिकाको कार्यालय सल्यानका योजना अनुगमन तथा मूल्याङ्कन समितिका संयोजक एवं कालिमाटी गाउँपालिका उपाध्यक्ष सनसिल्ता डि.सी., कालिमाटी गाउँ कार्यपालिकाको कार्यालय, सल्यानका प्रमुख प्रशासकीय अधिकृत हरिबहादुर खत्री, इन्जिनियर टेक वहादुर के.सी, योजना शाखा प्रमुख जयराम घर्ती, रोजगार संयोजक सुवाश वुढाथोकी तथा सब-ईन्जिनियर दिपेन्द्र बहादुर शाहीले इस्टिमेट अनुसार काम सम्पन्न नभएको योजनालाई काम सम्पन्न भएको भनि कामदार तथा रोजगार उपभोक्ता समिति र प्राविधिकसँग मिलिमतो गरी योजना अनुगमन तथा मूल्याङ्कन समितिको प्रतिवेदन सहित भुक्तानिको लागि सिफारिस गरेको उक्त प्रतिवेदन र सिफारिसको आधारमा उपभोक्ता समितिलाई रु ५,६५,३०९/८५ (पाँच लाख पैसठ्ठी हजार तीन सय नौ रुपैया पचासी पैसा) बरावरको रकम खाने मास्ने उदेश्य लिई बढी भुक्तानि गरी कालिमाटी गाउँपालिकालाई गैरकानूनी हानि र उपभोक्ता समितिलाई लाभ पुग्ने गरी कार्य गरेको स्पष्ट हुँदाहुँदै निज प्रतिवादीको जिम्मेवारी र जवाफदेहिता एवं मिसिल संलग्न तथ्यगत प्रमाणहरुलाई अनदेखा गरी यी प्रतिवादी सनसिल्ता डि.सी. लाई समेत सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण देखिदा बदरभागी छ। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | नैनसिंह राना लगायत सव-ईन्जिनियर दिपेन्द्र वहादुर शाहीले इस्टिमेट अनुसार काम सम्पन्न नभएको योजनालाई काम सम्पन्न भएको भनी उपभोक्ता समितिसँग मिलिमतो गरी योजना अनुगमन तथा मूल्याङ्कन समितिको प्रतिवेदन साथ भुक्तानिको लागि सिफारिस गरेको, उक्त प्रतिवेदन र सिफारिसको आधारमा उपभोक्ता समितिलाई रु. ५,६५,३०९/८५ (पाँच लाख पैसठ्ठी हजार तीन सय नौ रुपैया पचासी पैसा) बरावरको रकम खाने मास्ने उदेश्य लिई बढी भुक्तानि भई कालिमाटी गाउँपालिकालाई गैरकानूनी हानि र उपभोक्ता समितिलाई लाभ पुग्ने गरी कार्य गरेकोले प्रतिवादीहरु सनसिल्ता डि.सी. र तत्कालीन रोजगार संयोजक सुवाश वुढाथोकी, वडाध्यक्ष नैनसिंह राना लगायत सव-ईन्जिनियर दिपेन्द्र वहादुर शाहीको उल्लिखित कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) वमोजिम कसूर भएको देखिएकोले निज प्रतिवादीहरु सनसिल्ता डि.सी., सुवाश वुढाथोकी र नैन सिंह राना दिपेन्द्र बहादुर शाही र नैन सिंह राना उपर भ्रष्टाचार निवारण ऐन २०५९, को दफा १९ को उपदफा (२) वमोजिम सजाय हुन समेत मागदावी लिईएको ।<br>यसैगरी घुईयावारी (रिडरोड योजना) मूल सडक विस्तार, नाला सुधार तथा ग्रावेल योजना रोजगार उपभोक्ता समितिका अध्यक्ष गणेश वुढा, सचिव कृष्णा सार्की र | | **ङ) रोजगार संयोजक सुवाश वुढाथोकीको हकमा :-**<br>निज प्रतिवादी कालिमाटी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय सल्यानको रोजगार संयोजक पदमा २०७५।११।२६ देखि हालसम्म कार्यरत रहेको भन्ने देखिएको छ। निज प्रतिवादी प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस योजनाको सूचिकृत व्यक्तिहरु भएको योजनाको अनुगमन गर्ने जिम्मेवारी तथा भूमिकामा रहि कामकाज गर्ने गरेको भन्ने मिसिल संलग्न तथ्य प्रमाणहरुवाट देखिन्छ। निज प्रतिवादी रोजगार संयोजक जस्तो महत्वपूर्ण जिम्मेवारीको पदमा रहेकोले भए गरेको कामको सत्यतथ्य विवरण खुलाई सोही अनुसार रकम भुक्तानिकोलागी सिफारीस गर्नु पर्नेमा सो नगरी उक्त योजनाको रोजगार संयोजक प्रतिवादी सुवाश वुढाथोकीले इस्टिमेट अनुसार काम सम्पन्न नभएको योजनालाई काम सम्पन्न भएको भनि कामदार तथा रोजगार उपभोक्ता समिति र प्राविधिक एवं अन्य प्रतिवादीहरुसँग मिलिमतो गरी योजना अनुगमन तथा मूल्याङ्कन समितिको प्रतिवेदन सहित भुक्तानिको लागि सिफारिस गरी भ्रष्टाचारजन्य कसूर गरेको पुष्टि भईरहेकोमा मिसिल संलग्न सबूद प्रमाणहरुको यथार्थ मूल्याङ्कन नगरी निज प्रतिवादीको इन्कारी वयानलाई मात्र आधार मानी भएको फैसला त्रुटिपूर्ण भै बदरभागी छ।<br>**च) वडा न.७ का वडा अध्यक्ष नैन सिंह रानाको हकमाः-**<br>**अ.**यी प्रतिवादी जिल्ला सल्यान कालिमाटी गाउँपालिका वडा न.७ को वडा अध्यक्ष पदमा मिति २०७४/०२/०४ देखि २०७९।०१। १० गते सम्म कार्यरत रहेका र निज प्रतिवादीको उक्त योजनामा अनुगमनको भूमिका रहेको भन्ने निजको वयान वेहोराबाट देखिन्छ।<br>**आ.** निज प्रतिवादीको वयान वेहोरा हेर्दा उक्त योजनामा पूरै रकम भुक्तानि भएन, वडा अध्यक्ष पदमा रही ७-८ पटक स्थलगत अनुगमन गरेको हुँ, उक्त योजना स्टिमेट अनुसार केही काम नभई रकम फिर्ता भएको हो र मैले सिफारिस गर्दा प्राविधिकको कागजात अनुसार नै भुक्तानि दिन हुन भनि काम सम्पन्न भएको भनि सिफारिस गरेको हुँ उक्त योजनामा ७ जना व्यक्तिहरु फर्जि देखिन गएको हुँदा उक्त रकम राजश्व खातामा दाखिला गर्न लगाईएको हो भन्ने समेत वेहोरा उल्लेख गरी वयान गरेको देखिएको छ।सहप्रतिवादी हरिवहादुर खत्रीले यी प्रतिवादी उपर पोलगरी फर्जी कामदार हालेर बढी रकम भुक्तानि गरेको सुन्नमा आएपछि सो कुरा निजले स्वीकार गरेकोले बढी भुक्तानि रकम रु.३,२६,०६०।-हानि नोक्सानी पुर्याएको रकम फिर्ता गराउन सफल भएको भनि वयानमा उल्लेख गरे समेतबाट यी प्रतिवादीले गलत मनसायले बदनियतपूर्वक काम गरेको प्रष्ट भएको छ। निज प्रतिवादी समेतले सरकारी रकम खाने मास्ने उदेश्य लिई बढी भुक्तानि गरी कालिमाटी गाउँपालिकालाई गैरकानूनी हानि र उपभोक्ता समितिलाई लाभ पुग्ने गरी कार्य गरेको पुष्टि भईरहेकोमा सो तर्फ न्यायोचित मूल्याङ्कन नगरी निज प्रतिवादी नैन सिंह राना समेतलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेकोले बदरभागी छ।<br>**छ) सव-ईन्जिनियर दिपेन्द्र वहादुर शाहीको हकमाः-**<br>अ. यी प्रतिवादी कालिमाटी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सल्यानमा सब ईन्जिनियर पदमा (प्रधानमन्त्री रोजगार कार्यक्रम ) मिति २०७७\०६\१५ देखि २०७८\०६\३० सम्म कार्यरत रहेको र उक्त योजनामा निजको जिम्मेवारी सब-ईन्जिनियर पदमा रही योजना लागत स्टिमेट तयार गर्ने, योजना अनुगमन र कामको मूल्याङ्कन गर्ने जिम्मेवारी तथा भूमिका रहेको निजको वयान वेहोराबाट पनि प्रष्ट छ। निज प्रतिवादीको पदीय जिम्मेवारी अनुसार निजकै प्रतिवेदनको आधारमा योजनाको कार्य सम्पन्न प्रतिवेदन तथा योजना फरफाराक हुने जस्तो अन्तिम निर्णायक कार्य हुने हुँदा निज प्रतिवादीले संवेदनशील भई कार्य गर्नु पर्नेमा सो भए गरेको नहुँदा निजको कार्यमा बदनियत देखिएको।<br>आ.अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतबाट कालिमाटी गाउँपालिका वडा न.७ मा आ.व.०७७/०७८ को प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत घुइयावारी (रिडरोड योजना) मूल सडक विस्तार, नाला सुधार तथा ग्रावेल योजनामा अनियमितता भएको भन्ने उजुरीको अनुसन्धानको सिलसिलामा प्राविधिक सहितको स्थलगत अनुगमन टोली खटिई योजनाको नापजाँच गर्दा नापीकिताव र कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख भए अनुसारको नाप र परिमाणमा काम सम्पन्न नभएको, नापी कितावमा उल्लेख भए भन्दा ग्रावेल गर्ने कार्यमा ४४९.३३ घ.मी. कम काम भएको र नाली काट्ने कार्यमा १४८.९६ घ.मी. कम काम भएको र स्वीकृत दररेट अनुसार मूल्याङ्कन गर्दा रु ९,१३,९५२/४१ (अक्षरुपी नौ लाख तेह हजार नौ सय बाउन्न रुपैया एक्चालिस पैसा) बढी भुक्तानि भएको भनि सि.डि.ई. लक्ष्मी प्रसाद भण्डारीले मिति २०७९/०१/०६ गते पेश गरेको स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदन समेतबाट निज समेतको मिलेमतो र संलग्नतामा कालिकोट गाउँपालिका,सल्यानलाई |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | कोषाध्यक्ष गीता कुमारी वोहराले सरकारी रकम रु.५,६५,३०९।८५ गैरकानूनी लाभ लिने खाने र मास्ने उद्देश्य लिइ नगरेको कामको परिमाणको समेत भुक्तानि लिई अन्य राष्ट्रसेवकहरुसंग मिलेमतो गरी भ्रष्टाचारजन्य कसूर गरेको हुँदा निज प्रतिवादीहरु उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) वमोजिम कसूर गरेको स्पष्ट देखिएकोले निज प्रतिवादीहरु गणेश वुढा, कृष्णा सार्की र गीता कुमारी वोहरालाई रु. ५,६५,३०९/८५ (पाँच लाख पैसठ्ठी हजार तीन सय नौ रुपैया पचासी पैसा) रकम बरावरको बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन २०५९, को दफा ८ को उपदफा (४) वमोजिम सजाय गरी उल्लेखित बिगो रु. ५,६५,३०९/८५समेत निज प्रतिवादी गणेश वुढा, कृष्णा सार्की र गीता कुमारी वोहराबाट जफत हुन समेतको मागदाबी लिइएको। | | हानि नोक्सानी भएको स्वतन्त्र प्रमाणहरुबाट पुष्टि भएको छ। सब-ईन्जिनियर दिपेन्द्र बहादुर शाहीले इस्टिमेट अनुसार काम सम्पन्न नभएको योजनालाई काम सम्पन्न भएको भनि कामदार तथा रोजगार उपभोक्ता समिति र अन्य प्रतिवादीहरुसंग मिलिमतो गरी योजना अनुगमन तथा मूल्याङ्कन समितिको प्रतिवेदन सहित भुक्तानिको लागि सिफारिस गरी रु.५,६५,३०९/८५ रकम हानि नोक्सानि गरेको पुष्टि हुँदाहुँदै निज प्रतिवादीलाई समेत सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेकोले बदरभागी छ।<br>**ज) उपभोक्ता समितिका अध्यक्ष गणेश वुढा, सचिव कृष्णा सार्की र कोषाध्यक्ष गीता कुमारी वोहराको हकमाः**<br>अ.जिल्ला सल्यान कालिमाटी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय वडा न. ७ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत निर्माण भएको घुईयावारी (रिङरोड योजना) मूल सडक विस्तार, नाला सुधार तथा ग्रावेल योजना निर्माणको लागि आ.व.०७७/०७८ मा प्रधानमन्त्री रोजगार कार्यक्रम (अनुदान) अन्तर्गत कालिमाटी गाउँपालिका गाउँकार्यापालिकाको कार्यालय सल्यान र रोजगार उपभोक्ता समिति बीच सम्झौता भएकोमा स्थलगत नापँजाच तथा प्राविधिक प्रतिवेदन अनुसार उक्त योजनाको नापी किताव र कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख भए अनुसारको नाप र परिमाणमा काम नभएको अबस्थामा ईस्टिमेट बमोजिम काम भएको भन्ने निर्णय गराई भुक्तानिको लागि सिफारिस समेत गरेको देखिएको र स्वीकृत दररेट अनुसार मूल्याङ्कन गर्दा रु ९,१३,९५२/४१ (अक्षरुपी नौ लाख तेह्र हजार नौ सय बाउन्न रुपैया एक्चालिस पैसा) रकम बढी भुक्तानि मध्ये सा.सु. कर कट्टी रु. २२,५८२।५६ तथा वेरुजु दाखिला रकम रु ३,२६,०६०।–(तिन लाख छब्विस हजार साठ्ठी रुपैया) कटाई बढी भुक्तानि लिएको रकम रु. ५,६५,३०९/८५ (पाँच लाख पैसठ्ठी हजार तीन सय नौ रुपैया पचासी पैसा) सरकारी रकम गैरकानूनी लाभ लिने उद्देश्य लिई अन्य प्रतिवादीहरुसंग मिलेमतो गरी नगरेको कामको परिमाणको समेत भुक्तानि लिई सार्वजनिक सम्पत्ति बदनियतपूर्वक हानि नोक्सानी पुऱ्याएको तथ्यद्वारा स्थापित छ। निज प्रतिवादीहरु उपभोक्ता समितिका अध्यक्ष गणेश वुढा, सचिव कृष्णा सार्की र कोषाध्यक्ष गीता कुमारी वोहराले आरोप दावी बमोजिमको कसूर गरेको पुष्टि भईरहेको मिसिल संलग्न तथ्य प्रमाणहरुलाई न्यान्योचित रुपमा मूल्याङ्कन नगरी विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण रहेकोले बदरभागी रहेको।<br>आ. यी प्रतिवादीहरु गणेश वुढा, सचिव कृष्णा सार्की र कोषाध्यक्ष गीता कुमारी वोहरा समेतले आरोपित कसूरमा ईन्कार रही अनुसन्धान तथा अदालतमा वयान गरेको देखिएतापनि प्रतिवादीहरु घुईयावारी (रिङरोड योजना) मूल सडक विस्तार, नाला सुधार तथा ग्रावेल योजना रोजगार उपभोक्ता समितिका पदाधिकारीहरु रहेकोमा सो उपभोक्ता समितिका पदाधिकारीहरुले गर्नु पर्ने जिम्मेवारी पूरा नगरी अन्य प्रतिवादीहरुसंग मिलेमतोगरी कार्य गरेको देखिएको छ। उक्त योजनामा बदनियतपूर्वक काम भई फर्जी डोर हाजिरी फाराम भरी नभए नगरेको कामकालागि बढी रकम भुक्तानि लिई दिई अनियमितता गरेको रकम हल्लाखल्ला भई कुरा बाहिर आएपछि प्रतिवादी मध्येका गणेश बुढाले रु.३,२६,०६०।- बेरुजु रकम राजश्व खातामा बैंक दाखिला गरेको देखिदा उक्त उपभोक्ता समितिका अध्यक्ष गणेश वुढा, सचिव कृष्णा सार्की र कोषाध्यक्ष गीता कुमारी वोहरा समेतले योजनाको कार्य सम्पादन गर्दा गलत मनसायले गरेको पुष्टि भईरहेकोमा यसरी बदनियतपूर्वक गैरकानूनी लाभ लिने मनसायले अन्य प्रतिवादीहरुको मिलेमतो र संलग्नतामा गरिएको भ्रष्टाचाजन्य कसूरको कार्यलाई प्रतिवादीहरुको रकम फिर्ता गर्ने कार्यमा सदनियत देखिएको भनि यी प्रतिवादीहरुलाई समेत सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।<br>(झ) प्रतिवादीहरु सबैले आरोपित कसूर अपराधबाट उन्मुक्ति पाउने मनसायले कसूरमा इन्कार रहि वयान गर्नु स्वभाविकै हो। तर उक्त इन्कारी वयान अन्य स्वतन्त्र प्रमाणहरुबाट पुष्टि भएको हुनु पर्छ। निज प्रतिवादीहरुले गरेको इन्कारी वयान ठोस एवं बस्तुनिष्ठ सबूद प्रमाणहरुबाट पुष्टि गराउन सकेको अवस्था छैन। निज प्रतिवादीहरुले एक आपसमा मिलेमतो गरी नापी किताबमा उल्लेख भए भन्दा ग्राभेल गर्ने कार्यमा ४४९.३३ घ.मि.कम काम भएको र नाली काट्ने कार्यमा १४८.९६ घन मिटर कम काम भई स्वीकृत दररेट अनुसार मूल्याङ्कनमा रु.९,१३,९५२।४१ बढी भुक्तानि भएको भनि आयोगबाट स्थलगत रुपमा निरीक्षणको क्रममा खटिई गएका सि.डि.ई.लक्ष्मी प्रसाद भण्डारीले पेश गरेको स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदनबाट खुल्न आई तथ्यगत, वस्तुपरक एवं वैज्ञानिक सबूद प्रमाणहरुले पुष्टि भएको र प्रतिवादीहरुको इन्कारी वयान स्वतःखण्डित भै आरोपदावी बमोजिमको कसूर स्थापित भईरहेकोमा बस्तुगत र वैज्ञानिक तथ्य प्रमाणहरुलाई नजरअन्दाज गरी केवल प्रतिवादीहरुको इन्कारी वयान कथन र उक्त इन्कारी वयान कथनलाई समर्थित हुने गरी प्रतिवादीहरुका साक्षीहरुले अदालतमा गरेको बकपत्रलाई मात्र आधार मानी प्रतिवादीहरुलाई आरोपित कसूर अपराधवाट सफाई दिने गरी विशेष |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | अदालतबाट भएको फैसला त्रुटिपूर्ण भै बदरभागी रहेको।<br>(ज) घुईयावारी(रिङरोड)मूलसडक बिस्तार नाला सुधार तथा ग्रावेल योजनाको कार्य सम्पन्न मिति २०७८।०२।१५(कार्य सम्पन्न प्रतिवेदन अनुसार) मा भई अन्तिम भुक्तानिकोलागि मिति २०७८।०३।२९ मा टिप्पणी पेश भएको देखिन्छ भने अख्तियार अनुसन्धान आयोगको कार्यालय सुर्खेतबाट उक्त योजनाको स्थलगत निरीक्षण भै प्राविधिक प्रतिवेदन मिति २०७९।०१।०६ गते पेश गरेको देखिदा करिब १ वर्ष पछिको अवधिमै ग्रावेल गरेको कार्य ४४९.३३ घ.मि.कम हुने तथा नाली काट्ने कार्यमा १४८.९६ घन मिटर कम हुनु स्वभाविक र पत्यारलायक समेत नदेखिएको।उक्त योजनामा भएको कार्यको सम्वन्धमा सामान्य कम देखिनु भनेको स्वभाविकै हो तर यति ठूलो मात्रामा नभए नगरेको काम फेरबदल हुनुले गर्नु पर्ने काम पूर्णरुपमा नभएको स्वतःप्रमाणित भएकोले सबै प्रतिवादीहरुको मिलेमतोबाट कम काम गरी बढी भुक्तानि रकम रु.५,६५,३०९।८५ हिनामिना गरी भ्रष्टाचारजन्य कसूर भएको पुष्टि भई रहेकोमा वास्तविक र यथार्थ तथ्यलाई अनदेखा गरी लामो अवधिमा नापजाँच गर्दा भए गरेको काममा फरक आएको भनि बस्तुगत तथ्य प्रमाणलाई मनोगत व्याख्या गरी सबै प्रतिवादीहरुलाई सफाइ दिने गरी भएको विशेष अदालतको फैसला न्यायोचित नभई त्रुटिपूर्ण रहेकोले बदरभागी रहेको।<br>अतः उल्लिखित आधार, कारणबाट विशेष अदालत काठमाडौंबाट सबै प्रतिवादीहरु हरिबहादुर खत्री, सनसिल्ता डि.सी., टेक बहादुर के. सी., जयराम घर्ती, सुवाश बुढाथोकी, दिपेन्द्र बहादुर शाही ,नैनसिंह राना, गणेश बुढा, कृष्णा सार्की र गीता कुमारी बोहोरालाई आरोपदावीबाट सफाई दिने गरी भएको उक्त फैसला त्रुटिपूर्ण देखिंदा बदर गरी निज प्रतिवादीहरु हरिबहादुर खत्री, सनसिल्ता डि.सी., टेक बहादुर के. सी., जयराम घर्ती, सुवाश बुढाथोकी, दिपेन्द्र बहादुर शाही ,नैनसिंह राना, गणेश बुढा, कृष्णा सार्की र गीता कुमारी बोहोरालाई आरोपदावी वमोजिम बिगो तथा कसूर कायम गरी सजाय गरी पाउन मागदाबी रहेको। |